STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093, 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १७० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असार १९ गते शनिबार ❑ 3 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## 'विपक्षी दलका नेताका पक्षमा हस्ताक्षर हुनु जनहित विपरीत'

**रासस**
**काठमाडौं, १८ असार**

आपसी एकतातर्फ अघि बढेको नेकपा (एमाले) को केन्द्रीय कमिटीको शुक्रबारको १३ औं बैठकले आफ्ना पार्टीका कतिपय निवर्तमान सांसद्बाट विपक्षी दलका नेता शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउने प्रस्तावमा हस्ताक्षर हुनु राष्ट्र र जनताका हितका समेत विपरीत भएको ठहर गरेको छ।

'आफ्नो पार्टी नेतृत्वको सरकारलाई अपदस्थ गराएर विपक्षी दलको नेतालाई प्रधानमन्त्री बनाउन हाम्रो पार्टीका कतिपय सांसदहरू हस्ताक्षरसहित राष्ट्रपतिसमक्ष प्रस्तुत हुनु र तीमध्ये केही विपक्षी दलका नेतालाई प्रधानमन्त्रीमा नियुक्ति गराउन सर्वोच्च अदालतमा मुद्दाका पक्षधर बनेर प्रस्तुत हुनु नेपालको संविधानको मर्म र भावना, लोकतान्त्रिक पद्धति र पार्टीको विधान विपरीतको विषय हो।' पारित प्रस्तावमा भनिएको छ, 'यस्ता गतिविधि राष्ट्र र जनताका हितका समेत विपरीत छ, तसर्थ यो बैठक त्यसरी हस्ताक्षर गर्ने पार्टीका निवर्तमान सांसदलाई आउँदो सोमबार ५ बजेभित्र हस्ताक्षर फिर्ता लिन निर्देश गर्दछ। यस्ता अनधिकृत हस्ताक्षरको वैधता स्थापित हुन नसक्ने र यी हस्ताक्षरहरू मान्य हुन नसक्नेतर्फ पनि हाम्रो पार्टी सम्बद्ध सबैमा स्पष्ट पार्न चाहन्छ।'

प्रधानमन्त्री निवास बालुवाटारमा अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा भएको बैठकबाट पारित प्रस्तावमा एमाले नेपालको कम्युनिष्ट आन्दोलनको मूलप्रवाह रहेको र यो नेपालको लोकतान्त्रिक आन्दोलनको अग्रणी शक्ति तथा यो देशभक्तिपूर्ण आन्दोलन र राष्ट्रिय एकताको बलियो आधारस्तम्भ भएको उल्लेख गरिएको छ। नेपालका अग्रगामी परिवर्तनको मुख्य संवाहक र नेपालको संविधान निर्माणको निर्णायक एवं नेतृत्वदायी शक्ति एमाले भएकाले यस पार्टीलाई एकताबद्ध, सुदृढ र नेतृत्वदायी स्थानमा स्थापित गरेर मात्रै परिवर्तनका उपलब्धिलाई रक्षा गर्न सकिने बैठकको ठहर छ।

'मुलुकमा राजनीतिक स्थायित्व कायम गर्न सकिन्छ र समाजवादका आधारहरू निर्माण गर्न सकिन्छ। तर पार्टीमा विगत केही समय यता उत्पन्न असहज अवस्थाले पार्टीका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## एक व्यक्ति दुई खोप अभियान–मन्त्री खड्का

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ असार**

गण्डकी प्रदेश सामाजिक विकास मन्त्री कुमार खड्काले सरकारले एक व्यक्ति दुई खोज अभियान सञ्चालन गर्ने बताएका छन्।



जिल्ला समन्वय समिति कास्कीद्धारा आयोजित कार्यपालिका पदाधिकारीको क्षमता अभिबृद्धिका लागि अभिमुखिकरण कार्यक्रममा बोल्दैउहाँलेसंघसरकारकोसमन्वयमा खोप खरिद गरि सो अभियान थाल्ने बताए। जनताको प्रत्यक्ष सेवामा खटिने जनप्रतिनिधिहरुको भूमिका महत्वपूर्ण हुने बताउँदै संघ र स्थानीय बीच प्रदेश सरकारले समन्वयकारी भूमिका निर्वाह गर्दे आएको मन्त्री खड्काको भनाई छ।

जिल्ला समन्वय समिति कास्कीका प्रमुख बैन बहादुर अधिकारी क्षेत्रीले अभिमुखीकरण कार्यक्रमले विकास निर्माणका कामको अनुगमनलाई अझ प्रभावकारी बनाउने विश्वास व्यक्त गरे। कार्यक्रममा प्राध्यापक डा. भरतराज पहारीले गुणस्तरीय स्थानीय पूर्वाधार र अर्थपूर्ण अनुगमन विषयमा सहजीकरण गर्दै मुठीभर मानिसको हितका लागि मात्र गरिने कुनैपनि कामलाई विकास मान्न नसकिने बताए। कास्कीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले विकास र सुसासन विषयमा कार्यपत्र प्रस्तुत गर्दै गुणस्तरीय एवम् दिगो विकास अहिलेको मुख्य आवश्यकता भएकोमा जोड दिए। सुशासन तथा कानून विज्ञ विरेन्द्र पराजुलीले कार्यपालिका सदस्यको काम कर्तव्य र अधिकारबारे जानकारी गराउँदै स्थानीय सरकार सञ्चालन ऐनका आधारमा जनप्रतिनिधिहरुले काम गरेमा सहज हुने विश्वास व्यक्त गरे। समाजशास्त्रका प्राध्यापक अञ्चला चौधरीले समाजशास्त्रीय दृष्टिकोणमा विकासको अवधारणाबारे चर्चा गर्दै विकास समय सान्दर्भिक हुनुपर्ने धारणा राखे। कास्की लगायत छिमेकी जिल्लाका कार्यपालिका सदस्यहरुको सहभागिता रहेको कार्यक्रममा समन्वय उपप्रमुख सावित्रा भण्डारी, जिल्ला समन्वय अधिकारी नवराज बराल लगायतले प्रभावकारी अनुगमन र गुणस्तरीय विकास निर्माणको आवश्यकता माथि जोड दिएका थिए।

## मुख्यमन्त्रीद्धारा पोखरामा हब कोअपरेटिभको सेवा केन्द्र उद्घाटन

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ असार**

नेपालमा डिजिटल प्रविधि मार्फत सहकारीहरुको आर्थिक कारोबार गर्ने गराउने उद्देश्यले काठमाडौमा स्थापित हब कोअपरेटिभ सर्भिस लिमिटेडले कास्की सेवा केन्द्रको शुभारम्भ गरेको छ। शुक्रबार एक कार्यक्रमकाबिच गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले उद्घाटन गरे।




हब कोअपरेटिभको यो पहिलो शाखा हो। कार्यक्रममा बोल्दै मुख्यमन्त्री पोखरेलले वित्तीय कारोबारलाई पूर्ण रुपमा प्रविधिकरण गरी सहज र सुरक्षित सेवा प्रदान गर्न ढिलो गर्न नहुने बताए। उनले हब कोअपरेटिभले विकास एवम् प्रवर्धन गरेको प्रविधिमा जोडिएर आफ्ना आर्थिक कारोबारहरुलाई पारदर्शी, सर्वसुलभ एवम् सुरक्षित बनाउन सहकारीहरुलाई आग्रह गरे। हब कोअपरेटिभले सहकारीहरुमा राष्ट्रिय एवम अन्तराष्ट्रिय विप्रेषण सेवा, रकमान्तर, भुक्तानी तथा फछ्र्यौट सेवा, क्लियरिंङ्ग, मोबाईल बैंकिंग, बैंक एवम् सहकारीबिच रकमान्तरण र विलहरु भुक्तानीका सेवाहरु उपलब्ध गराइरहेको छ।

संस्थाले नेपालभर कार्यक्षेत्र रही देशका जुनसुकै स्थानमा रकम पठाउन वा प्राप्त गर्न सक्ने संस्थागत व्यवस्था मिलाईएको संस्थाका अध्यक्ष तथा राष्ट्रिय सहकारी विकास बोर्डका सहअध्यक्ष दक्ष पौडेलले बताए। 'यस संस्थाले नेपाल भर सातवटै प्रदेशका १५ वटा जिल्लाहरुमा आफ्नो सेवा विस्तारका लागि नेपाल सरकारबाट अनुमतिलिइसकेको र संस्थाले आगामी तीनवर्ष भित्र सहकारीहरु मार्फत २० लाख व्यक्तिहरुमा विद्युतीय कारोबार सेवाको पहुँच पुर्‍याउने लक्ष लिएको छ' पौडेलले भने।

सेवा शुभारम्भको दिनमै पोखराका विभिन्न २० वटा सहकारी संस्थाहरु आबद्ध भई ५ करोड निक्षेप संकलन भएको पौडेलले जानकारी दिए। कार्यक्रममा जिल्ला सहकारी संघ लिमिटेड कास्कीका अध्यक्ष सावित्रा कोईराला, नेफ्सकुन संचालक कमला गिरी, संविधान सभा सदस्य प्रकाश पौडेल लगायतले संस्थाको सफलताको शुभकामना ब्यक्त गरे। संस्थाका अध्यक्ष तथा राष्ट्रिय सहकारी विकास बोर्डका सहअध्यक्ष दक्ष पौडेलको अध्यक्षतामामा सम्पन्न कार्यक्रममा सचिव राजेन्द्र पौडेलले कार्यक्रम संचालन गरेका थिए भने धन्यबाद ज्ञापन जिल्ला सहकारी संघका निवर्तमान अध्यक्ष सहकारी अभियन्ता रविरमण तिवारीले गरेका थिए।

## कास्कीमा काँग्रेस क्रियाशील सदस्यको संख्या १९ हजार बढी

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ असार**


नेपाली काँग्रेस कास्कीमा क्रियाशील सदस्यको संख्या १९ हजार एक सय ४२ पुगेको छ।

यसपटक १० हजार पाँच सय २० जनाले क्रियाशील सदस्यता नवीकरण र ८ हजार ६ सय २२ जनाले नयाँ सदस्यता लिएको प्रवत्ता नवीन सिग्देलले जानकारी दिए। कास्की काँग्रेसका सभापति कृष्ण केसीको अध्यक्षतामा शुक्रबार बसेको बैंठकले वडा, प्रदेश, क्षेत्र हुँदै जिल्लामा सिफारिस भएका क्रियाशील सदस्य अनुमोदन गरी केन्द्रमा पठाउने निर्णय गरेको प्रवक्ता सिग्देलको भनाइ छ। कास्कीमा क्रियाशील सदस्यताका बारेमा कुनै पनि उजुरी परेको थिएन। बैठकले सरकारले कालीगण्डकी डाइभर्सन सम्बन्धी गरेको निर्णय अव्यवहारिक भएको ठहर गर्दै खेद प्रकट गरेको छ। बढीपहिरोका कारण कास्की लगायतका क्षेत्रमा पुगेको जनधनको क्षतिप्रति दुःख गर्दै त्यसतर्फ सरकारको ध्यानाकर्षण गराएको छ। बैठकले काँग्रेस नेतृत्वमा गण्डकी प्रदेश सरकार बनेकोमा बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरेको छ।

त्यस्तै बैठकले काँग्रेस नेता रामजी कुँवरको शिघ्र स्वास्थ्य लाभको कामना गरेको छ। नेपाली काँग्रेस क्षेत्र नं २ कास्कीका सभापति माधव बास्तोला 'मधु' लाई पितृशोक परेकोमा र क्रियाशील सदस्य शुक्रराज तिमिल्सिनाको निधन भएकोमा दुःख व्यक्त गर्दै दिवंगत आत्माको चिरशान्ति र परिवारजनमा समवेदना व्यक्त गरेको छ।

**गण्डकी प्रदेश सरकार,**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य निर्देशनालय पोखराको अनुरोध**

## नवजात शिशुलाई आमाको नाँगो छातीमा टाँसेर न्यानो बनाई राख्ने (मायाको अँगालो) विधि







पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# स्याङ्जामा दैवी प्रकोपबाट ६ को मृत्यु

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, १८ असार**

स्याङ्जामा असारको दुई सातामा ६ जनाले ज्यान गुमाएका छन् भने एक जना अझै बेपत्ता छन् । मनसुन शुरु भएयता दैवी प्रकोपबाट विभिन्न घट्नामा परेर आधा दर्जन नागरिकले ज्यान गुमाएका हुन् भने एक जना बेपत्ता भएका हुन् ।

जिल्ला प्रहरी कार्यालय स्याङ्जाका अनुसार खोलाले बगाएर ४, भीरबाट लडेर १, चट्याङ् लागेर १ गरी ६ जनाले दुई सातामा ज्यान गुमाएको तथ्याङ्कले देखाएको छ । बाढी पहिरोका कारण १४ घरधुरीका ६८ जना विस्थापित भएका छन् भने ९७ घर पहिरोको जोखिममा हुँदा ५ सय ३३ जना नागरिक प्रभावित भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रवक्ता प्रहरी नायव उपरिक्षक(डिएसपी) राजेन्द्र अधिकारीका अनुसार आँधीखोला गाँउपालिका ६ का ६० बर्षिय घनश्याम शर्मा, पुतलीबजार नगरपालिका ४ का ५१ बर्षिय टेकबहादुर थापाको खोलाले बगाएर मृत्यु पश्चात सनाखत भएको बताए । अन्दाजी ३० बर्षिय र ४० बर्षिय पुरुष खोलाले बगाएर मृत अवस्थामा फेला परेपनि अहिले सम्म सनाखत हुन नसकेको प्रहरी प्रवक्ता अधिकारीले बताए । त्यसै गरी बाँदर धपाउने क्रममा पुतलीबजार नगरपालिका २ का ३५ बर्षिय तिलक कुँवरको भिरबाट लडेर मृत्यू भएको छ भने अर्जुनचौपारी गाँउपालिका २ का १५ वर्षिय रोहित कुँवरको चट्याङ् लागेर मृत्यु भएको प्रहरीले जनाएको छ । गल्याङ नगरपालिका ४ का १८ बर्षिय सन्दिप न्यौपाने आँधीखोलामा पौडी खेल्नेक्रममा बेपत्ता भएका छन् । उनको खोजीकार्य भएपनि अझै फेला पर्न नसकेको प्रहरीले जनाएको छ । यस्तै विपद् घट्नामा बाटो हिड्दै गर्दा पहिरो आएर बगाउदा हरिनास गाँउपालिकाका ४८ बर्षिय कृष्ण थापा घाईते भएका छन् । उनको अवस्था सामान्य रहेको छ । मनसुन सुरुभए देखी जिल्ला प्रहरी कार्यालय मातहातमा रहेका सबै युनिटहरुलाई सचेत पुर्वक विपद्का लागि तैनाथ अवस्थामा राखिएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रवक्ता अधिकारीले बताए । स्थानीयतह सगँ समन्वय गरी विपद्को सामना गर्न सबै युनिटलाई निर्देशन दिएका छौं प्रवक्ता अधिकारीले भने,'सिमित साधन श्रोतको उच्चतम प्रयोग गरी विपद्मा खटेका छौं ।' सबै नागरिकलाई सचेत पुर्वक रहन पनि अनुरोध गर्दै आएका छौ उनले भने ।

सिद्धार्थ राजमार्ग देखि ग्रामिण सडकहरुमा पनि बाढीले क्षती पुऱ्याएको छ । पहिरो जाने वित्तिकै डोजर प्रयोग गरी सडक खुलाउने व्यवस्था भएकाले आवागमनमा लामो समय अवरुद्ध भने हुन पाएको छैन । यस बिषयमा हरेक स्थानीय तहका साधान श्रोत देखी सडक विभागका साधनश्रोत परिचालन गर्ने गरी तयारी अवस्थामा रहेको बताइएको छ । मनसुन अझै सक्रिय हुने र यसबाट जनधनको क्षती सकेसम्म नहोस भन्ने हेतुले जिल्ला प्रशासन कार्यालय स्याङ्जा, नेपाली सेना, शसस्त्र प्रहरी, नेपाल प्रहरी, ११ ओटै स्थानीयतहका जनप्रतिनिधिहरु उच्च सर्तकता साथ लाग्ने गरी कार्य योजना बनाएर अगाडी बढेको जिल्ला प्रशासन कार्यालय स्याङ्जाले जनाएको छ ।

# पाँचौ पोखरा स्पोर्टस् अवार्डबाट पार्वती र नविन नगद दुई लाख सहित सम्मानित

## लाइभ टाइम अचिभमेन्ट अवार्डबाट भने रन्जित सम्मानित

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ असार**




पाँचौ पोखरा स्पोर्टस् अवार्डको उपाधि कराँतेका नवीन रसाइली र महिला तर्फ तेक्वान्दोकी पार्वती गुरुङले उपाधि हात पार्न सफल भएका छन् ।

खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा पोखरा रंगशालाको व्याडमिन्टन हलमा शुक्रबार सम्पन्न भएको पाचौं संस्करणको पोखरा स्पोर्टस् अवार्डबाट रसाइली र गुरुङ उक्त उपाधिको साथमा नगद दुई/दुई लाख सहित सम्मानित भएका हुन् ।

२३ वर्षीय रसाइली १३ औं सागका स्वर्णधारी हुन् उनी नेपाल प्रहरीमा कार्यरत छन् । यस्तै, लमजुङकी २६ वर्षीया पार्वतीले १३ औं सागमा एक स्वर्ण र १ कास्य पदक जितेकी थिइन् ।

वर्ष उत्कृष्ट पुरुष विधामा रसाइली सहित विनेश खनियाँ (टेबलटेनिस) र सुमन अर्याल (फुटबल) बाट छनौटमा परेका थिए भने वर्ष खेलाडी महिलामा पार्वती गुरुङ (तेक्वान्दो) सहित जमुना थापा (साइक्लिङ), प्रशंसा क्षेत्री (तेक्वान्दो) उत्कृष्ट ३ मनोनयनमा परेका थिए । त्यसै गरी लाइफ टाइम अचिभमेन्ट अवार्ड पोखराको फुटबल खेल विकासमा योगदान पुऱ्याएका केशव रञ्जित (आनन्द) सम्मानित भएका हुन् । उनलाई सम्मानपत्रको साथमा चाँदीको करुवा समेत प्रदान गरिएको छ । पोखरा नदीपुर निवासी आनन्दले पोखराको फुटबल विकासमा महत्वपूर्ण योगदान दिएको भन्दै मन्चले सम्मान गरेको हो । उक्त अवार्ड अर्न्तगत उदियमान खेलाडीमा पौडीकी दुवाना लामा सम्मानित भएकी छन्। उदीयमान तर्फ लामा सहित प्रदीप खड्का (लनटेनिस) र विपीन खत्री (क्रिकेट) बाट मनोनयनमा परेका थिए । उत्कृष्ट प्रशिक्षकमा बक्सिङका सुरेश मल्ल ठकुरी सम्मानित भएका छन् । उत्कृष्ट प्रशिक्षकको विधामा मल्ल सहित आनन्द कुँवर (पौडी) र किरण श्रेष्ठ (फुटबल) मनोनयनमा परेका थिए । यसैबिच उत्कृष्ट खेल पत्रकारबाट यस वर्ष दुई जना पत्रकार सम्मानित भएका छन् । सम्मानित हुनेहरुमा सन्देस श्रेष्ठ र केशव पाठक रहेका छन्। त्यसै गरी वर्ष उत्कृष्ट खेल संघबाट यस बर्ष जिल्ला आर्चरी संघ उत्कृष्ट खेल संघ बाट सम्मानित भएको छ ।

विजेता खेलाडी एवं प्रशिक्षकहरुलाई प्रमुख अतिथि गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल, गण्डकी प्रदेश सांसदहरु कृष्ण थापा, दीपक कोइराला, मीना गुरुङ, राखेपका सदस्य राजेश गुरुङ, गण्डकी खेलकुद परिषद सदस्य सचिव तेज बहादुर गुरुङ, प्रेस काउन्सिलका सदस्य दुर्गा भण्डारी, पोखरा महानगरका उपमेयर मन्जुदेवि गुरुङ, पत्रकार महासंघका केन्द्रिय सदस्य त्रिभुवन पौडेल, सरिता तिमिल्सिना, महासंघ गण्डकीका महासचिव गोविन्द सुवेदी, जिल्ला अध्यक्ष विमला भण्डारी, लगायतले पुरस्कार वितरण गरेका थिए । खेलाडी छनोटका लागि मञ्चका संस्थापक अध्यक्ष रामकृष्ण ज्ञवालीको संयोजकत्वमा प्रतिभा छनोट समिति गठन गरिएको थियो ।

वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेल संघ, वर्ष उत्कृष्ट खेल पत्रकार (२ जना) लाई जनही ३५ हजार, समानपत्र, ट्रफी र दोसल्लाबाट सम्मान गरिएको मञ्चले जनाएको छ । अघिल्लो बर्ष कोरोनाले गर्दा स्थगित भएको उक्त अवार्ड यस बर्ष भने सेमि भर्चुअल रुपमा २०७६/७७ को रुपमा सम्पन्न गरिएको उपाध्यक्ष रन्जन अधिकारीले बताए । साथै मनोनीत सबैलाई ट्रफी र प्रमाणपत्र वितरण गरिएको महासचिव विजय नेपालले बताए । खेलाडी एवं प्रशिक्षकहरुले विभिन्न प्रतियोगितामा गरेको प्रर्दशनको आधारमा उक्त अवार्डबाट उत्कृष्ट छनौट गरिएको मञ्चको दाबी छ ।

सो अवसरमा हास्य कलाकार दीपक थापाले हास्य प्रहसन गरेका थिए भने नेपाल मुआथाई र क्यूकोसिन फुलकन्ट्याक्ट कराँतेका खेलाडीले डेमो प्रस्तुत गरेका थिए । साथै एसके डान्स म्यूजिक सेन्टरका कलाकारले नृत्य प्रस्तुत गरेका थिए ।

# बोकाको तौल एक सय २२ केजी भन्दा बढी

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ असार**



सामान्यतया ६ महिना पालेका वाख्राको मुल्य करिब २० हजार पर्ने गर्दछ भने उन्नतजातका वोयर क्रस गरिएको बाख्रा भने ६ महिनामै ५० हजार मुल्य आम्दानी गर्न सकिने पोखराका एक किसानले दाबी गरेका छन् । पोखरा हेमजा स्थित हेमजा फार्मका एक कृषक युवा व्यवसायी घनश्याम तिमिल्सिनाले स्थानीय वोका लगाउदा ६ महिनामा ५० हजार मुल्यका बाख्रा उत्पादन हुने गरेको बताएका उनले वोयर जातको वोका लगाउदा भने एउटै बाख्रा ६ महिनामै करिब ५० हजार मुल्य पर्ने दाबी गरेका हुन ।

उनको बाख्रा फार्ममा अष्ट्रेलिया जातको वोयर वोका पालन गरेसंगै एउटै वोकाको तौल एक सय २२ केजी भन्दा बढी रहेको छ । गाई भैसी पालनको साथमा बाख्रा समेत पालन गर्दै आउने क्रममा भारतको राजस्थानबाट उन्नत (वोयर) जातको को बाख्रा पोखरामा भित्राएसंगै उक्त वोकाको तौल हाल १ सय साँढे २२ केजी तौल भएको तिमिल्सिनाले दाबी गरेका छन् । गाई भैसी पालन गर्दै आउने क्रममा वाख्रा पालन समेत केही समय अघि सुरु गरेका युवा व्यवसायी तिमिल्सिनाले आफुले पियोर वोयरको खोजि गर्ने क्रममा अष्ट्रेलियन जातको वोयर वोका पोखरामा भित्राएसंगै ६ महिनामै १२ केजी तौल बढी भएको दाबी गरे । जमुनापारी जातका वाख्रा पालन गर्दै आएका तिमिल्सिनाले गुणस्तरिय वोयर जातको बियाडे वोका ल्याएको ६ महिनामै एक सय केजीको वोकाको तौल बढेर हाल १ सय साँढे २२ केजी तौल भएको उनले जनाए ।

उनको बाख्रा फाममा सानो ठुला गरी हाल वियाडे एउटा वोका सहित ३९ वटा बाख्रा रहेका छन् । आफ्नो क्षेत्रमा स्थानिय बाख्राहरुलाई समेत क्रस गराउन वियाडेको रुपमा समेत वोकाको प्रयोग गरिएको तिमिल्सिनाले जनाए । पोखरा २५ हेमजा स्थित हेमजा गाई फाम प्रा।लि। संचालन गर्दै आएका तिमिल्सिनाले विगत १६ बर्षदेखि आफ्नै क्षेत्र पोखरामा गाई तथा भैसी पालन गर्दै आएका छन् । उनी विगत ९ बर्ष खाडी मुलुकमा अर्कोको देशमा रोजगारीको लागि गएका थिए । स

वदेशमै आफ्नै गाउँ ठाँउमा यसरी उन्नतजातको बाख्रा सहितको गाई भैसी पालन गरेर हाल आफु पूर्ण रुपमा सन्तुष्टि भएको उनले जनाए । वोयरवोकाको बजारमा धेरै चर्चा भएकोले गर्दा गुणस्तरिय वोकाको खोजिमा भारत पुगेर उनले करिब एक लाख खर्चियर उक्त वोका पोखरा भित्राएका हुन् ।

जमुनापारीको वाख्रालाई उनले वोयर जातको वोकाले क्रस गराउदा आफुहरुले बाख्रा पालनबाट राम्रो उत्पादन लिन सफल भएको तिमिल्सिनाले जनाए । उक्त वोकाले अन्य वाख्रा जस्तै घाँस पानी खुवाउने दैनिक दुई वटा अण्डा समेत खुवाउने गरेको उनले जनाए । उन्नत जातको उक्त बाख्रा हेर्न आउनेहरु कहिले काहि भिड हुने गरेको उनले जनाए ।

# शैक्षिक सामग्री एवम् उपचारका लागि सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ असार**




सेवामा समर्पित लायन्स क्लव अफ पोखरा चौतारीद्धारा पोखरा २१ कृष्ति नाच्नेचौरस्थित भविष्य निर्माण माध्यामिक विद्यालयका विद्यार्थीलाई आर्थिक सहयोग एवम् शैक्षिक सामग्री उपलव्ध गराएको छ ।

विद्यालयमा आयोजित एक कार्यक्रमका बीच क्लवद्धारा कक्षा दशमा अध्ययनरत मुखमा टयूमर पलाएकी विद्यार्थी भगवती खत्रीको उपचारार्थ रु.५० हजार, २३ हजार ५८५ रुपैया बरावरका ३५ थान अग्रेजी माध्यमका पुस्तक तथा १० थान झोला हस्तान्तरण गरिएको हो । सोही कार्यक्रममा लायन्स मोहनबाबु खड्काले अतिविपन्न एवम् जेहेन्दार विद्यार्थी डिप्सन जिसीको अभिभावकत्व समेत ग्रहण गरे । उक्त विद्यालयको कक्षा तीनमा अध्ययनरत जिसीको दश जोड दुईसम्मको सम्पूर्ण पढाई खर्च व्यहोर्ने उनले घोषणा गरेका हुन । नेपाल उद्योग बाणिज्य महासंघ गण्डकी प्रदेशका अध्यक्ष लायन्स सञ्जीव बहादुर कोइरालले अग्रेजी किताव उपलब्ध गराइएका १५ जना विपन्न विद्यार्थीलाई थप शैक्षिक सामग्री खरिदका लागि जनही एक । एक हजारका दरले १५ हजार रुपैया हस्तान्तरण गरेका थिए । पोखरा महानगरपालिकाको सहकार्यमा लेखनाथमा सञ्चालित कोभिड अस्पताल सञ्चालनका लागि लायन्स क्लवहरुको सकृयतामा एक करोड ३० लाख रुपैया आर्थिक सहयोग गरिएको सो अवसरमा उनले जानकारी दिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कमल भुजेलले लायन्स क्लव अफ पोखरा चौतारीले विद्यार्थी भगवती खत्रीको उपचार लगायत विद्यालयको प्रत्येक क्षेत्रमा पुऱ्याउँदै आएको सहयोगको सराहना गर्दै आगामी दिनमा पनि सहयोगले निरन्तरता पाउने विश्वास व्यक्त गरे ।

क्लवका अध्यक्ष सरोज कुमार सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा लायन्स प्रजापति बास्तोला, पुरुषोत्तम पराजुली, निवर्तमान अध्यक्ष गुरुप्रसाद पौडेल, विद्यालयका प्रधानाध्यापक राजेन्द्र सापकोटा, रामचन्द्र अधिकारी लगायतले लायन्सको महत्व माथि प्रकाश पार्दै आवद्ध सदस्यहरुको सहयोगबाट समाजका हरेक गतिविधिमा सक्दो सहयोग गर्दै आएको धारणा राखे ।

# बाढी, पहिरा र डुबानमा परी ३४ को मृत्यु

**रासस**
**काठमाडौं, १८ असार**

अविरल वर्षाका कारण देशका विभिन्न स्थानमा आएको बाढी, पहिरो र डुबानमा परी गत जेठ ३० यता ३४ जनाको मृत्यु भएको छ ।

अन्य २४ बेपत्ता रहेका र ४४ जना घाइते भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

मृत्यु हुनेमा १९ पुरुष, नौ महिला र छ बालबालिका रहेका छन् । ती मध्ये सिन्धुपाल्चोकमा पाँच, डोटीमा चार, रोल्पामा तीन, चितवन, तनहुँ, प्युठान र रौतहटमा दुई/दुई तथा ललितपुर, सप्तरी, काभ्रे, सिन्धुली, गोरखा, जुम्ला, अर्घाखाँची, दाङ, पाल्पा, कास्की, कालिकोट, पाँचथर, बझाङ र बाजुरामा एक/एक जना रहेका प्रहरी प्रवक्ता वसन्तबहादुर कुँवरले जानकारी दिए ।


# विपक्षी ...

हजारौं नेता-कार्यकर्ता तथा समर्थक-शुभचिन्तकलाई चिन्तित तुल्याएको छ भने विरोधी शक्तिहरूलाई उत्साहित बनाएको छ । स्थितिको गाम्भीर्य, पार्टीको काँधमाथिका ऐतिहासिक अभिभारा, पार्टीपङ्क्तिको भावना एवं जनचाहनालाई केन्द्रबिन्दुमा राखेर पार्टी एकताको रक्षा, विकास र पार्टीको सुदृढीकरणका लागि आ-आफ्नो स्थानबाट रचनात्मक योगदान गर्न यो बैठक पार्टीका सबै नेता-कार्यकर्तालाई आह्वान गर्दछ ।' बैठकपछि एमालेका प्रवक्ता प्रदीपकुमार ज्ञवालीद्वारा जारी विज्ञप्तिमा जनाइएको छ । दुवै पक्षका नेताको अनौचारिक वार्तामा यसबीचमा भएका विवादित राजनीतिक घटनामा मौन रहँदै आगामी एकता यात्रा तय गर्ने करीब सहमति भएको नेता माधवकुमार नेपाल पक्ष स्थायी कमिटी सदस्य भीम आचार्यले बताए । नेता नेपाल पक्षकै मागसमेतका आधारमा महाधिवेशन आयोजक कमिटीलाई पूर्ववत् केन्द्रीय कमिटीमा रुपान्तरणपछि आयोजित शुक्रबारको बैठकमा उपाध्यक्ष वामेदव गौतम सहभागी भएपनि कतिपय नेता अनुपस्थित रहेका थिए । एमालेले २०७५ जेठ २ सम्म कायम केन्द्रीय सदस्य, माओवादी केन्द्रमा एकतापूर्व २०७५ जेठ ३ मा थप भएका र एकता प्रक्रियामा आएमा रामबहादुर थापासहित २० नेतासहित गरी २६१ सदस्यीय केन्द्रीय कमिटी कायम गरेको छ । नेता नेपाल पक्षले पहिला २०७५ जेठ २ मा कायम २०६ सदस्यीय केन्द्रीय कमिटीको बैठक डाक्नुपर्नेलगायत विषयमा सहमतिपछि बैठक राख्न माग गर्दै आएको छ ।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# पहिरामा परी १९ बाख्रा, दुई भैँसी मरे

पोखरापत्र संवाददाता
पोखरा, १८ असार

गत मङ्गलबारदेखि परेको अविरल वर्षाका कारण पहिराले पुरिएर तनहुँमा १९ बाख्रा र दुई भैँसी मरेका छन् । पहिरामा परी दुई घरपरिवारका बाख्रा भैँसी मरेका हुन् । जिल्लाको शुक्लागण्डकी नगरपालिका–९ ढोरफिर्दी निवासी टेकबहादुर महतको गोठमाथिबाट आएको पहिराले १० बाख्रा र एक भैँसी मरेको छ ।

त्यसैगरी सोही वडास्थित चेतबहादुर भुजेलको घर माथिबाट आएको पहिराले नौ बाख्रा र एक भैँसी पुरिएको जिल्ला प्रशासन कार्यालय तनहुँले जनाएको छ । पहिराले पुरिएका ५५ वर्षीय खगिमाया भुजेल र १४ वर्षीय विज्ञान भुजेललाई जीवितै उद्धार गरिएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो । उनीहरूको अहिले पोखरास्थित गण्डकी मेडिकल अस्पतालमा उपचार भइरहेको छ । पृथ्वीराजमार्ग खुलाइ पनि डुम्रे–भैँसीशहर र खैरेनी–भिमाद खण्डमा पहिरो अवरुद्ध भएपछि हटाउने प्रयास भइरहेको उहाँले बताउनुभयो । बन्दीपुर गाउँपालिका–३ तामुडमा पहिराले दुई जनाको मृत्यु भएको छ । पहिरामा परी एक गम्भीरसहित तीन जना घाइते भएको प्रहरीले जनाएको छ ।

पहिराबाट सोही जडाका करिब ३० वर्षीय सरस्वती थापा र ७० वर्षीया हरिमाया बसेलको निधन भएको हो । उनीहरूको घटनास्थलमै मृत्यु भएको वडासदस्य हर्कबहादुर थापाले जानकारी दिनुभयो । सरस्वती थापाका ससुरा, सासु र देवर घाइते भएका छन् ।

# झोलुङ्गे पुलमा बाढीले पुर्‍यायो क्षति

पोखरापत्र संवाददाता
गोरखा, १८ असार

गोरखा र तनहुँ जोड्ने मर्स्याङ्दी नदीको झोलुङ्गे पुलमा बाढीले क्षति पुऱ्याएको छ । नदीमा आएको भीषणबाढीसँगै पानीको बहाव बढेर पुलसम्म पुगेपछि क्षति पुगेको गोरखा नगरपालिका वडा नम्बर १२ का वडाध्यक्ष रामबहादुर खड्काले जानकारी दिनुभयो ।

बाढीले झोलुङ्गेको तनहुँ तर्फको भाग नदीमा डुबेको छ भने पुल बाङ्गिएको उहाँले जानकारी दिनुभयो । पुल माथि बाढी पुगेपछि बाढीले बगाएर ढुङ्गामुढा रोकिँदा पुल मुनिका बस्तीमा बाढीको प्रभाव पर्न सक्ने आंकलन गरिएको छ ।

गोरखा नगरपालिका वडा नम्बर १४ स्थित गोप्लिङफाँट र तनहुँको आँबुखैरेनी गाउँपालिका वडा नम्बर २ स्थित एक्लेफाँट जोड्ने सो पुलमा बाढीले क्षति पुऱ्याएपछि आवातजावत बन्द भएको वडाध्यक्ष खड्काले जानकारी दिनुभयो ।

# बन्ध्याकरण गर्ने दम्पतीलाई सबै करमा छुट

पोखरापत्र संवाददाता
दमौली, १८ असार

नगरपालिकाले छोरीमात्र पाएर स्थायी बन्ध्याकरण गर्ने दम्पतीलाई करमा छुट दिने नीति अवलम्बन गरेको छ । 'लैङ्गिक भेदभावमुक्त व्यास नगर' बनाउने उद्देश्यसहित छोरीमात्र पाएर स्थायी बन्ध्याकरण गर्ने दम्पतीलाई सबै करमा २० प्रतिशत छुट दिने नीति नगरपालिकाले पारित गरेको हो ।

छोरी २० वर्ष नपुग्दासम्म नगरपालिकाबाट लगाइने सम्पत्ति करलगायत सबै करमा २० प्रतिशत छुट दिने नीति नगरसभाबाट पारित भएको उपप्रमुख मीरा जोशीले जानकारी दिनुभयो । नगरपालिकाले 'आत्मनिर्भर छोरी सशक्त व्यास नगर' अभियानमा छोरीको २० वर्ष पुगेपछि मात्र विवाह गर्नेलाई नगद सहयोग गर्ने प्रबन्ध मिलाउने भएको छ । दलित, बोटे, दरै, कुमाल, चेपाङका छोरीलाई सम्मान गर्दै त्यस्ता छोरीको विवाहमा नगद सहयोग गरिने र २० वर्ष पुगेपछि मात्र विवाह गर्न प्रचारप्रसार एवं अभिमुखीकरण कार्यक्रमलाई तीव्र बनाइने उपप्रमुख जोशीले बताउनुभयो । नगरपालिकाले महिलाको क्षमता विकास एवं सीप विकास गरी आत्मनिर्भर बनाउन 'उपप्रमुख महिला सीप विकास कार्यक्रम' सञ्चालन गर्ने नीति लिएको छ । नगरपालिकाभित्र स्थायी बसोबास गर्ने स्नातक तहसम्म योग्यता हासिल गरेका विपन्न बेरोजगार महिलालाई उद्यमशीलता विकासका लागि अनुदान, स्वास्थ्य सङ्कटमा रहेका विपन्न महिलालाई आर्थिक सहयोग, 'महिलासँग उपप्रमुख कार्यक्रम' अन्तर्गत गर्भवतीको पोषणमा सहयोग गर्ने नीति पारित गरिएको छ ।

उच्च शिक्षा अध्ययन गर्ने आर्थिक रूपमा विपन्न रहेका छात्रालाई छात्रवृत्ति, दलित, सीमान्तकृत, लोपोन्मुख जाति एवं मुस्लिम समुदायका महिलालाई नेतृत्व विकास एवं सीप विकासका कार्यक्रम सञ्चालन गरिनेछ । नगरपालिकाले सबै जातजातिको मौलिक संस्कृति संरक्षण गर्दै कुसुण्डा, बोटे, चेपाङ, दरै, कुमाल, मगर, गुरुङ, नेवार, मुस्लिम, अन्य जातका सांस्कृतिक एवं जीवन उपयोगी सीपमूलक कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले जानकारी दिनुभयो ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : मानसिक तनाव | धनु | : मन चञ्चल |
| कर्कट | : आर्थिक समस्या | मकर | : शारीरिक झमेला |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यासित लाभ | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।


# हाम्रो बजेट भाषण, भोको पेट र नेताको सोच



✍ युव राज खनाल,पोखरा

जति पढेलेखेकालाई थाहा हुन्छ, त्यो भन्दा बढी त परेकोलाई थाहा हुन्छ । भोकाको पीडा जिनतीन दुई छाक टार्न सक्ने लाई पनि त्यही थाहा नहोला जति भोकले खनखनी पेट खाएर पटुकीले पेट कसेर बस्नु पर्ने परिस्थितिका मानिसहरू छन । यस्तै छ हाम्रो देश र यहाँको सस्कार । कयौ मानिसहरु २ छाक टार्न नसक्ने छन्, कयौं बर्ष भरी काम गरेर ६ मैनालाई खाना नपुग्ने छन । मीठो मसिनो त धेरै टाढाको कुरा भयो । एक सरो लाउन कति कठिन छ , बिरामी पर्दा औसधि उपचार छैन । पानी पर्दा चुहिने छानो त्यसा टालटुल पार्न भुस राखेको घर गोठ मुनि यता उति सर्दै सुत्न बिबश छन ।

भोको पेटले त भात र आलु उच्चारण गर्छ तर राजनीतिका दिग्गजहरूले आफू र आफ्ना सन्तानलाई चाहिँ पेटभरी खुवाउँछन् । आनन्दपूर्वक सुरक्षित ठाउँमा राख्छन् र अरूका छोराछोरीहरूलाई चाहिँ नारा र जुलुस लगाउन उक्साउँछन् । चाहे प्रजातान्त्रिक आन्दोलनमा होस चाहे अरु आन्दोलन किन नहोस आहुती दिने ती भोका पेटका सहिदहरुलाई सलाम छ ।

नेताहरूलाई साधारणजनको माया छैन । प्रायः कुनै पनि पेसामा लागेका मानिसहरूले आफ्ना छोराछोरीले आफ्नो बिँडो थामून् भन्ने चाहन्छन् । किसानले आफ्ना छोराछोरी भन् ठूलो किसान बनून् भन्ने चाहन्छन् । शिक्षकले आफ्ना सन्तान आफूभन्दा बढी पढेर राम्रा शिक्षक बनून् भन्ने चाहन्छन् । लेखक र डाक्टरहरूले पनि प्रायः त्यस्तै चाहन्छन् ।

तर, एउटा स्मगलरले चाहिँ आफ्ना सन्तानलाई आफूले गरेको कालो कामका बारेमा थाहा नहोस् भन्ठान्छ । अरूलाई बिष हालेको रक्सी खुवाएर मार्ने व्यापारी पनि आफ्नो सन्तानले चाहिँ रक्सी नखाओस् भन्ने ठान्छ । तर, अरूको सन्तानलाई कालो धन्दामा लगाउन र अरूका सन्तानलाई रक्सी खुवाउन व्यापारीलाई केही पनि लाग्दैन । त्यस्तै प्रकारले आफ्ना सन्तानलाई राम्रो स्कूलमा पढेर विदेश जाऊन् र कमाऊन्, आफुचाहिँ सांसद र मन्त्री बनेर अरूका सन्तानलाई पछि लगाएर हिँडुँ भन्ने हाम्रा नेताजीको विचार हुन्छ । कसैले आफ्नो सन्तानलाई राजनीतिमा ल्याउन खोजे भने पनि एकैचोटि देशको ठूलो र चर्चित भएर मन्त्री र सांसद भइहालोस् भन्ने विचार हुन्छ, चाहे त्यसका लागि आफूले जुनसुकै आलोचना खप्न किन नपरोस् ।

धृतराष्ट्रले दुर्योधनका कुकृत्यमा आँखा चिम्लेझैं हाम्रा नेताजी आफ्ना सन्तानका कुकृत्यमा आँखा चिम्लिन्छन् । अरूका सन्तानहरूलाई भाला, लाठी, बन्दुक, जेल हान्न पनि पछि पर्दैनन् । राजनीतिमा लागेपछि ती बिचरा अरूका सन्तानलाई आसेपासे बनाएर आफ्ना सन्तानलाई अघोषित युवराज वा युवराज्ञी बनाउनमा नेताजीहरू पोख्त हुन्छन् । आफ्ना सन्तानलाई पेटभरी भात खुवाएर नरम गद्दामा सुताउने नेताजीहरू अरूका सन्तानलाई 'लठ्ठी, भाला, बन्दुक उठाऊ' भनेर आज्ञा दिन्छन् । अहिलेसम्मको देशको राजनीतिमा यति धेरै मानिस मरे, गोली लागेर घाइते भए, कति अचेत छन् अझै र सहारा खोज्दै छन् । तर, अहिलेसम्म हाम्रा कुनै नेताजीका सन्तान मरे, घाइते भए, अचेत भए, गोली लागेर सहारा खोज्दै छन् भन्ने सुन्नमा आएका छन् ? यदि कोही अचेत हुन्छ भने उच्चस्तरको मदिरा पिएर अचेत हुन्छ । हामीले यी कुरामा किन सोचेका छैनौ । कलिला मस्तिष्क भएका गाउँघरबाट आएका जनताका छोराछोरीहरूले चाहिँ नेताजीले भनेको कुरा ठीक हो भनेर पालना गर्छन् । उनीहरूलाई भविष्य देखाइएको हुन्छ ।

२०४६ सालमा विद्यार्थी आन्दोलनमा लागेका कतिपय विद्यार्थीहरू अहिले परिवारको पेट पाल्न विदेशमा गोठालो गएका छन् । विदेशमा गएर काम गर्नलाई नराम्रो र गोठालो काम सानो भनेको होइन, तर कुनै पनि नेताजीहरूका छोराछोरीचाहिँ गोठालो बनेर शारीरिक काम गर्न गएका छैनन् भनेको मात्र हो । नेताजीका छोराछोरीहरू विदेश गएका त उतै बस्ने, पढ्न र सयर गर्न हो । तर, यहाँबाट अहिले पनि विद्यार्थी चुनावमा होमिएका र आफ्नाआफ्ना पार्टीको झण्डा उठाएर अरूलाई मार्न तयार रहेका विद्यार्थीहरू अबको ५ वर्षपछि जब बेरोजगारको श्रेणीमा परेर 'अब जीवन कसरी धान्ने हो ?' भन्ने मनन् गर्लान्, तब अहिले उक्साउने नेताले के उनीहरूको पेट भरिदेलान्



? उनीहरूले भन्लान्, 'तपाईंहरू देशका नेता बन्नुहुनेछ । सांसद हुनुहुनेछ, मन्त्री बनेर फरफर झण्डा फहराएर हिँड्नुहुनेछ ।' त्यसो भए तपाईंले पनि आफ्ना छोराछोरीलाई ल्याएर हामीसँग राख्नुहोस् नत, हामीसँगै लठ्ठी लिएर धक्कामुक्की गर्न पठाउनुहोस् न त ?, भन्नुहोस् त के भन्लान् नेताजीले । सांसद, मन्त्री बन्ने त लाखमा एक हुन्छ । यतिका विद्यार्थीहरू सबै सांसद बन्लान् त ? पक्कै बन्दैनन् । ९५ प्रतिशत विद्यार्थीहरूले भोको पेट लिएर सोचेको छ- मैले के पाएँ त विद्यार्थी जीवनमा ?' उत्तर देलान् त नेताजीले ।

बि पि भन्नुहुन्थ्यो, जनताको अधिकारको अपहरणले राजनीतिमा दमनको रूप लिन्छ र त्यसले आर्थिक क्षेत्रमा शोषणको रूप लिन्छा अर्थात् आर्थिक क्षेत्रमा भइरहेको शोषणको अन्त्य गर्न राजनैतिक अधिकार नभएको ठाउँमा सकिदैन; किनभने कसैले पनि शोषणका विरूध्द आवाज उठाउन राजनीतिक अधिकार हुनुपर्छ जबसम्म अन्यायका विरूध्द लड्ने अधिकार कुण्ठित रहन्छ तबसम्म दमन कायम रहिरहन्छा तर किन यस्ता कुरा दोहोरीरहेको छ ।

अधिकास हामी नेपाली गरिब छौ । गरिबी हुनुका कारण - गरिबी सामाजिक अर्थव्यवस्थाको संरचना , श्रोत साधन विरतणको अवस्था, गलत निर्णय तथा नीतिहरुका उपज हुन् । कमजोर शासकीय प्रणाली, न्यून सामाजिक-आर्थिक पूर्वाधार, श्रोत साधनको असमान विरतण जस्ता कारणहरुले श्रोत साधन अवसर तथा पहुँच विहिनताको अवस्थामा पुर्याउँछ जुन अवस्था गरिबीको अवस्था हो ।एकात्मक साशकीय संरचना, श्रोत साधन तथा अवसरहरुको असमान वितरण, बेरोजगारी, कमजोर शैक्षिक अवस्था,परिवारको आकार तथा प्रकार, न्यून मानव विकास, कमजोर पूर्वाधार विकास, भ्रष्टाचार, सामाजिक असमानता पनि हुन ।

बिगत देखि सरकारले गरिबी न्यूनीकरण गर्न बिबिध कार्यक्रम त ल्याएका छन्, वैदेशिक सहयोग पनि प्रसस्त नआएका पनि हैनन तै पनि नेपालमा गरिबी घट्न नसक्नुका कारणहः नेपालमा आठौं योजना अवधिबाट गरिबी निवारणले राष्ट्रिय प्राथमिकता पाउन थालेको भएतापनि गरिबी न्यूनिकरण हुन नसकेको अवस्था छ । गरिबी न्यूनिकरणका क्षेत्रमा विगत दुई दशक भन्दा लामो अवधीमा विभिन्न प्रयास भइरहेतापनि चालु पन्ध्रौं योजनासम्म आइपुग्दा पनि गरिबी १८.७ प्रतिशत कायम रहनु, आय असमानता कायम रहनु तथा बहुआयमिक गरिबी २८.६ प्रतिशत रहनुले गरिबी न्यूनिकरण तथा निवारणका क्षेत्रमा सफलता हासिल गर्न नसकिएको तथ्य पुष्टि गर्दछ ।

गरिबी न्यूनिकरण हुन नसक्नुका प्रमुख कारण तथा समस्याहरुलाई देहाय अनुसार उल्लेख गर्न सकिन्छ केन्द्रीकृत तथा एकात्मक राज्य प्रणाली, नेपालको विशिष्टता सुहाउँदो स्पष्ट, सान्दर्भिक गरिबी निवारण नितिको अभाव, वास्तविक गरिब पहिचान हुन नसक्नु, गरिब लक्षित कार्यक्रम क्षमता विकास भन्दा वितरणमुखी हुनु, गरिबी निवरण सम्बन्धित कार्यक्रमहरुबीच समन्वयको अभाव, राज्यका आधारभूत सेवा सुविधाहरुमा सबैको सरल र सहज पहुँच हुन नसक्नु,विकासका पूर्वाधारहरुको पर्याप्त विकास हुन नसक्नु, निर्वाहमुखी कृषि प्रणाली हुन । देश यस्तो परिस्थितिमा हुदाहुदै पनि किन सोच बिचारमा परिवर्तन आउन सकेको छैन । २०४६ सालपछि बहुदलीय ब्यबस्थाको पुनःस्थापन पश्चात् नेपाली कांग्रेस, नेकपा एमाले, माओवादीले सरकारको नेतृत्व गरे तर किन सोचिएन गरिबी र ती भोका पेटहरुको बेदना । जति बजेट आउछन प्रथम त शक्तिशाली ब्यक्तिहरुको सेवा सुबिधामा छुट्टीन्छन । अनि बिरोधका आवाज उठछन भनेर कर्मचारी शिक्षकहरुको तलबभत्तामा जान्छन खै ती भोका पेट र गरिबीलाई के आउछन ।

देश भन्नुहोस चाहे राष्ट्र भन्नुहोस–त्यो भूगोल होइन, त्यो माटो होइन, त्यो यथार्थमा जनता हो । जुन कुराले जनताको हित हुन्छ त्यही कुरो देश हितको कुरो हो । जनताको अधिकार हनन् देशको अधिकार हनन् हो तर किन यी कुरा समभ्मा आएका छैनन् ।

बि पि ले भन्नु भएको थियो । नेपाल भनेको नेपालका ती गरीब जनता हुनु, जसको आङमा फाटेको र मैलो लुगा छ । टाउकोमा घेरा मात्र भएको टोपी छ बिरामी परे ओखती–मूलो पाउँदैनन् । आफ्ना छोरा–छोरीलाई शिक्षा–दिक्षाको प्रबन्ध गर्न सक्दैनन् । जसलाई बिहान खाए बेलुका के खाउँ र बेलुका खाए बिहान के खाउँ भन्ने समस्या छ । तीनै गरिब किसानको देश हो–नेपाल । ठूला-ठूला महलमा बस्ने र मोटरमा हिँड्ने त यहाँ १० प्रतिशत पनि छैनन् । तिनीहरू नेपाल होइनन् । यी त आधारभुत कुरा हुन नि जो सुकै सरकारमा आए पनि किन यस्ता कुरामा सोच परिवर्तन आएको छैन ।

बिकास बजेट छुट्टाइन्छ, घटीघटाउमा ठेका पट्टा हुन्छ, मन्त्री, सचीव, इन्जिनियर, लेखापाल लगाएत त्यस क्षेत्रमा संबधित अन्य कर्मचारी, गुण्डालाई कमिसन छुट्टाएर ठेकेदारले फाइदा पनि लिनु छ अनि कसरी गुणस्तरीय हुन्छन निमाण गरिएका बाटोघाटो पुल घर आदि । बर्ष भरी यत्तिकै बिताएर असारमा आएर रातारात बजेट सकाउन काम गरे जस्तो देखाउने काम हुन्छा यो प्रक्रिया सधै दोहोरिने गरेका छन । आखिए यस पटक पनि बजेट त आयो तर गरिब र भोको पेटलाई हात्ती आयो हात्ती आयो फुस्सा भने जस्तै भयो ।

# लोकमार्गको काममा ढिलाइ : स्थानीयवासीले दिए चेतावनी

पोखरापत्र संवाददाता
बागलुङ, १८ असार

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको मध्यपहाडी लोकमार्गको बागलुङ–घोडाबाँधे खण्ड ट्र्याक खोलेको वर्षौं बितिसक्दासमेत कालोपत्र नहुँदा स्थानीयवासीले आक्रोश व्यक्त गरेका छन् । यस खण्डमा पर्ने काठेखोला गाउँपालिका–४ का सडक प्रभावित क्षेत्रका स्थानीयवासीले बिहीबार एक विज्ञप्ति जारी गर्दै ठेकेदार कम्पनीले अबको चार दिनभित्र काम सञ्चालन नगरे त्यसबाट उत्पन्न हुने परिस्थितिको जिम्मा स्वयं ठेकेदार कम्पनीले लिनुपर्ने चेतावनीसमेत दिएका छन् । यस खण्ड सडक निर्माणको जिम्मा पाएको सूर्य कन्ट्रक्सन प्रालिले जेठ मसान्तसम्म सडक कालोपत्र गर्ने सम्झौता गरे पनि अहिलेसम्म कुनै पनि काम प्रगति नभएको भन्दै स्थानीयवासीले आक्रोश व्यक्त गरेका छन् । "पटक–पटक सम्बन्धित निकायका प्रमुख, सङ्घीय सांसद, प्रमुख जिल्ला अधिकारी, राष्ट्रिय आयोजनाका उपाध्यक्षलगायतले सर्वेक्षण गरेर स्थानीय बासिन्दाले ज्ञापनपत्र बुझाएर ठेकेदारसँग जेठ समान्तसम्म कालोपत्र गर्ने लिखित सम्झौता भएको थियो, तर असार मसान्तसम्म आइपुग्दा सडको स्तरोन्नति र कालोपत्रका लागि कुनै पनि प्रगति नहुन बजेट विनियोजनका लागि वर्षातको मौसममा जनतालाई भ्रममा राख्न गुणस्तरहीन निर्माण सामग्री ल्याएर देखावटी काम गरेको प्रष्ट छ", विज्ञप्तिमा भनिएको छ ।

हिउँदको समयमा कुनै चासो नदिने वर्षातको समयमा जनतालाई भ्रममा राख्ने यो देखावटी काम गर्नु घोर आपत्तिजनक रहेको स्थानीयवासी दिपेश कँडेलको भनाइ छ ।

स्थानीयवासीले विज्ञप्तिमार्फत यस सडकको कालोपत्र गर्नतर्फ सम्बन्धित निकायले ध्यान नदिएको तर्फ पनि असन्तुष्टि व्यक्त गरेका छन् । उनीहरूले भनेका छन्, "कति चुप लागेर बस्ने ?, यस बाटोको अभिभावकत्व लिने कसले हो ?, जवाफदेहिता हो हुने ?, सडकको दुर्दशाको कारण कुनै पनि बेला सवारी दुर्घटना हुने जोखिम छ । यसको जिम्मा कसले लिने ?, आखिर बाटो कहिलेसम्म कालोपत्र हुने हो ? कहिलेसम्म हामीले सास्ती र जोखिम उठाउनुपर्ने ?", ठेक्काको म्याद थप्दै जेठ असारमा काम गरेजस्तो गर्ने निर्माण कम्पनीलाई कालोसूचीमा राख्न उनीहरूको माग छ । बागलुङ बजारबाट घोडाबाँधेसम्मको २५ किलोमिटर सडक हाल जम्मा दुई किलोमिटर मात्रै कालोपत्र भएको छ ।

# सतर्कता अपनाउन आग्रह

रासस
काठमाडौं, १८ असार

देशभर हाल मनसुनी वायुको सक्रिय प्रभाव तथा तराई भू–भाग नजिक मनसुनी न्यून चापीय रेखा रहेकाले अधिकांश स्थानमा हल्का देखि मध्यम वर्षा भइरहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाले प्रदेश नं १, प्रदेश नं २, बागमती, लुम्बिनी र गण्डकी प्रदेशका केही स्थानमा मेघ गर्जन/चट्याङ्ग सहित भारी वर्षाको सम्भावना रहेकाले विशेष सतर्कता अपनाउन सबैमा अनुरोध गरेको छ । उक्त प्रदेशको पहाडी भू–भागमा भू–क्षय, पहिरो तथा गेग्रान बहावको जोखिम रहेको साथै नदीनाला तथा खहरे खोलामा पानीको सतह बढ्न सक्ने तथा दैनिक जीवन/यातायात क्षेत्र प्रभावित हुनसक्ने भएकाले आवश्यक सतर्कता अपनाउन भनिएको छ ।

# अनाथ बालबालिका पढाउन समता विद्यालय

पोखरापत्र संवाददाता
दमौली, १८ असार

अनाथ, असहाय, विपन्न बालबालिका पढाउन व्यास नगरपालिकाले व्यास नगर समता विद्यालय स्थापना गर्ने भएको छ ।

नगरभित्र माध्यमिक तहसम्मको शिक्षा लिन कठिनाइ परेका अनाथ, असहाय, विपन्न, शहीद, बेपत्ता, कोरोनाबाट मृत्यु भएका घरपरिवारका बालबालिकाको शिक्षाका लागि नगरपालिकाले नगर समता विद्यालय स्थापना गर्न लागेको हो ।

व्यास–७ शेशमटारमा रहेको व्यास नगर क्याम्पिन कोट प्राथमिक विद्यालयमा आवासीय विद्यालय स्थापना गर्ने नीति लिइएको प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले जानकारी दिनुभयो । "माध्यमिक तहसम्मको शिक्षा लिन कठिन भएका बालबालिकालाई मध्यनजर गर्दै आवासीय विद्यालय स्थापना गर्ने नीति नगरसभाबाट पारित भएको छ", सिग्देलले भन्नुभयो । नगरपालिकाले वडा नं १ मा अवस्थित आदिकवि भानुभक्त क्याम्पसलाई मानक विश्वविद्यालय निर्माण गर्न पूर्वाधार व्यवस्थापनमा सहयोग गर्ने भएको छ । नमूना विद्यालयका रूपमा छनोट भएका निर्मल र सत्यवती माविको पूर्वाधार विकासका लागि सहजीकरण, कक्षा ५ सम्मका सामुदायिक विद्यालयमा पढ्ने प्रारम्भिक बाल विकास केन्द्र समेतका विद्यार्थीलाई सङ्घीय सरकारको सहभागितामा दिवा खाजाको प्रबन्धलाई निरन्तरता दिने नीति पारित गरिएको छ ।

नगरपालिकाभित्रका धार्मिक विद्यालयहरू, मातृभाषामा शिक्षा प्रदान गर्ने विद्यालयहरू तथा सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सहयोग, यसै शैक्षिक सत्रदेखि कक्षा १ मा स्थानीय पाठ्यक्रम र माविका कक्षा ११ र १२ मा वेदव्याससम्बन्धी अतिरिक्त पाठ्यक्रम अध्यापन गराउने व्यवस्था, 'हाम्रो प्रतिभा हाम्रो गौरव' भन्ने विश्वासका साथ नगरपालिकाभित्रका विभिन्न विधामा नगर क्षेत्रभित्रका विद्यार्थीबीच प्रतिस्पर्धा गराई नगरस्तरीय उत्कृष्ट प्रतिभा छनोट गरी सम्मान एवं पुरस्कृत गर्ने व्यवस्था मिलाइने नगरपालिकाले जनाएको छ ।

# प्रदेश सरकारद्वारा मनाङका सरकारी कार्यालयलाई सोलार

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ असार**

मनाङका १६ वटा सरकारी कार्यालयका लागि गण्डकी प्रदेश सरकारले सोलार प्यानल, इन्भर्टर र ब्याट्री उपलब्ध गराएको छ । बिजुली नभएका कारण अस्पतालको उपचार सेवा र सरकारी काम प्रभावित भएकाले सोलार खरिद गरी पठाइएको हो ।

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली प्रदेशको ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयले छरितो प्रक्रियामार्फत सामान खरिद गरी पठाएको बताउनुभयो । उहाँका अनुसार करिब रु १९ लाखको सामान खरिद गरेर हेलिकोप्टरमार्फत चामे पठाउने व्यवस्था गरिएको छ । सामान ढुवानीका लागि लागेको रु चार लाख ३१ हजार गण्डकी सरकारले नै व्यहोरेको छ । सार्वजनिक खरिद ऐनको दफा ४१(१) (घ३) बमोजिम विशेष परिस्थितिमा सार्वजनिक खरिद प्रक्रिया अपनाई सामान पठाइएको हो । सामान खरिद गरेर लमजुङ सदरमुकाम बेँसीशहरमा पुऱ्याइएको छ । बुधबार नै सामान बेँसीशहर पुऱ्याएको भए पनि मौसम खराब भएका कारण हेलिकोप्टर उड्न नसकेकाले समस्या आएको ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयका सचिव रामचन्द्र श्रेष्ठले बताउनुभयो । मनसुन शुरुसँगै मनाङ जिल्ला अन्धकारमा छ । बाढी पहिराका कारण स्थानीयस्तरका लघुजलविद्युत् योजनामा क्षति पुगेको छ । राष्ट्रिय प्रसारण लाइनको पोल ढलेका कारण मनाङ सदरमुकाम चामेसहित गाउँहरूमा बिजुली बलेको छैन । असार मसान्तमा सम्पादन गर्ने कामसमेत बिजुली नभएकै कारण प्रभावित भएको छ।

जिल्ला प्रशासन कार्यालय मनाङले तोकेको प्राथमिकता क्रमअनुसार सोलार सरकारी कार्यालयलाई प्रदान गर्न लागिएको हो । कृष्णचन्द्र नेपाली पोखरेलको अध्यक्षतामा असार ६ गते बसेको प्रदेश विपद् व्यवस्थापन समितिको बैठकले सोलार खरिद गरेर पठाउने निर्णय गरेको हो । विद्युतीय भुक्तानी र कम्प्युटर प्रणालीमा आधारित सेवा प्रवाह प्रभावित भएको थियो ।

स्वास्थ्य कार्यालय प्रमुख बद्री आचार्यले बिजुली नहुँदा कोभिडविरुद्धको खोप जोगाउन समस्या भएको बताउनुभयो । अनुकूल मिलाएर पोखरादेखि आइस ब्याग मगाएर खोप जोगाएको उहाँले जानकारी दिनुभयो । जेनेरेटर प्रयोग गर्न पनि इन्धनको अभाव, दिनभरि घाम नलाग्ने हुँदा पनि खोप बिग्रन्छ कि भन्ने डर रहेको उहाँको भनाइ छ।

# अब वनमा पनि फलफूल खेती

**पोखरापत्र संवाददाता**
**बागलुङ, १८ असार**

मानव-वन्यजन्तु द्वन्द्व घटाउने र वनको बहुप्रयोग बढाउने उद्देश्यले यहाँका दुई सामुदायिक वनमा फलफूल रोपण गरिएको छ । डिभिजन वन कार्यालयको आर्थिक सहयोगमा गलकोट नगरपालिका-७मल्मस्थित लाम्दारा र काठेखोला गाउँपालिका-७ रेशको साँघुखोला रातोपहरा सामुदायिक वनमा फलफूल खेती शुरु गरिएको हो ।

फलफूल खेतीबाट वनको उत्पादकत्व र सौन्दर्य पनि बढ्ने विश्वास लिइएको छ। कार्यालयका वन अधिकृत प्रकाश थापाका अनुसार यो वर्ष जिल्लाका दुई स्थानमा मात्र वनजन्य फलफूल रोपणको नमूना कार्यक्रम सञ्चालन गरिएको हो । "यो कार्यक्रमको मुख्य उद्देश्य भनेको नै मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन गर्नु हो", उहाँले भन्नुभयो, "फलफूल लगाउँदा बाँदरलगायत साकाहारी जन्तु, चराचुरुङ्गीले वनमै आहारा पाउँछन्, जसले गर्दा उनीहरू मानव बस्तीतिर आउनबाट रोकिन्छन् ।"

ग्रामीण भेगका बस्तीमा नजिकका वनबाट बाँदर छिरेर बर्सेनि खेतीबालीमा नोक्सान पुऱ्याउँदै आएका छन् । हैसियत बिग्रिएका वनको अवस्था सुधार्न पनि फलफूल खेतीले सघाउने अधिकृत थापाको भनाइ छ ।

फलफूल रोपणका लागि कार्यालयले दुवै सामुदायिक वनलाई रु पाँच लाखका दरले बजेट दिएको थियो । जसमा सामुदायिक वनले थप रु सवा लाख बराबरको जनश्रमदान जुटाएका छन् । लाम्दारा सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष घनश्याम थापाले १२ हेक्टर क्षेत्रफलमा विभिन्न प्रजातिका फलफूल लगाइएको बताउनुभयो । लप्सी, अमला, हर्रो, बर्रो, अम्बा, केरा, एभोकाडो, टिमुरलगायत गरी पाँच हजार फलफूलका बिरुवा रोपिएको उहाँको भनाइ छ । सबैभन्दा बढी लप्सीका एक हजार ४०० बिरुवा रोपिएको छ । समितिका सदस्य र उपभोक्ता मिलेर फलफूल रोपेका थिए।

रेशको साँघुखोला रातोपहरा सामुदायिक वनको पनि झण्डै १२ हेक्टरमा फलफूल खेती गरिएको कार्यालयले जनाएको छ । उक्त वन क्षेत्रमा बढीजसो ओखराका बिरुवा लगाइएको छ। हावापानीका कारण लाम्दारा र रातोपहरा वनमा फरक-फरक प्रजातिका फलफूल रोपण गरिएको अधिकृत थापाले बताउनुभयो । गलकोट-७ मा 'फ्रुट फरेष्टी मोडल स्थापना' र काठेखोला-७ मा 'हैसियत बिग्रेको वनमा फलफूल रोपण' शीर्षकमा बजेट/कार्यक्रम आएको हो । दुवैको मुख्य उद्देश्य भने मानव-वन्यजन्तु द्वन्द्व कम गर्नु नै रहेको जनाइएको छ । सामुदायिक वनमा गरिएको फलफूल खेतीले उपभोक्ताको आयआर्जनमा पनि जोड्ने सामुदायिक वन उपभोक्ता महासङ्घ, बागलुङका अध्यक्ष राज थापाले बताउनुभयो । "यसले पर्यावरण प्रवर्द्धनमा पनि टेवा पुग्छ, वनमा आधारित आयमूलक गतिविधिलाई पनि अघि बढाउन सकिन्छ", उहाँले भन्नुभयो ।

कार्यालयले वनको बहुउपयोग बढाउन सामुदायिक वन उपभोक्ता समितिसँग मिलेर विभिन्न खाले प्रवर्द्धनात्मक काम गर्दै आएको छ। यही वर्ष बागलुङ नगरपालिका-११ रायडाँडा र निसीखोला गाउँपालिकामा गरी आठ हेक्टर क्षेत्रफलमा टिमुरखेती गरिएको छ । जसका लागि डिभिजन वन कार्यालयले रु १०/१० लाख बजेट उपलब्ध गराएको थियो । कार्यालयको सहयोगमा काठेखोलाको बिहुँमा जडीबुटी प्रशोधन केन्द्रसमेत यही वर्षदेखि सञ्चालनमा ल्याइएको छ।

# महामारी हटेको होइन, घटेको मात्र हो

**-एकराज पाठक**
**काठमाडौँ, १८ असार (रासस)**

भारतमा पछिल्ला केही महिना निकै सङ्क्रामक देखिएको 'कोभिड-१९' को दोस्रो लहरको प्रभाव घट्दो देखिएपछि राजधानी नयाँ दिल्लीलगायत धेरै शहर खुला गरिएको छ । त्यहाँका जनस्वास्थ्यविद्हरूले भने दोस्रो लहरको सङ्क्रमण दर घट्दैमा सबै क्षेत्र खोलेर भीडभाड बढाउनु घातक हुनसक्ने बताउँछन् । उनीहरू कोभिडको तेस्रो लहरको सम्भावनाले छोपिसकेकोतर्फ सरकारको ध्यानाकर्षण गराउँछन् ।

कुनै समय भारतमा दैनिक झण्डै चार लाखजना सङ्क्रमित देखिने गरेकामा पछिल्ला केही हप्तायता भने घटेर ५० हजारभन्दा तल पुगेको छ । यसरी घट्दो क्रममा सङ्क्रमित देखिन थालेपछि यहाँको सरकारले प्रतिबन्धहरूलाई केही खुकुलो बनाएको छ । अहिले भने नागरिकहरू सडकमा निस्किन थालेका छन् । उनीहरूले सामाजिक दूरी कायम गर्ने तथा अरू जनस्वास्थ्यका आधारभूत मापदण्डहरू पनि पालना गर्न छोडेका छन् ।

भारतीय सञ्चारमाध्यमहरूमा आएअनुसार अहिले नयाँ दिल्लीका रेल स्टेनहरूमा हजारौँ जना जम्मा हुन्छन् भने कतिपय सार्वजनिक यातायातमा ठूलो भीडभाड देखिन्छ । 'सपिङ मल' हरूको अवस्था त्यस्तै छ भने खाना बनाउने र लैजाने मात्र सेवा दिने भनिएका रेष्टुरेन्टहरूमा बाहिरबाट ढोका लगाएर भित्र कैयौँ जना बसेर खाने गरेका छन् । सडकमा हिँड्डुल गर्ने मानिसले मास्क नलगाएको देख्दा प्रहरीले सोधपुछ गर्ने गरेपछि घर वा कार्यालय परिसरमा मास्क लगाउनेहरू घटेका छन् । जसका कारण भारतमा अर्को खतरा आउने जनस्वास्थ्यविद्हरू बताइरहेका छन् ।

अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्स (एआइएमएस) का निर्देशक रन्दीप गुलेरिया भन्नुहुन्छ, "भारतमा कोभिड-१९ को तेस्रो लहर आगामी छदेखि आठ हप्तासम्ममा आउन सक्छ र यो दोस्रो लहरजत्तिकै र अझ त्योभन्दा पनि बढी घातक हुनसक्छ । अहिले सङ्क्रमितहरूको सङ्ख्या केही घट्दैमा सरकारले शान्तिको सास फेरेर सबै ठीक भयो भनेजस्तो गरी सबैतिर खुला गरिदिएको छ, यसले अवस्था अझै सोचेभन्दा पनि जटिल बनाउन सक्छ ।" गत हप्ता भारतीय सञ्चारमाध्यमसँग उहाँले भन्नुभयो, "हामीले पहिलो र दोस्रो लहरको महामारीबाट कति दुःख पायौँ भन्ने कुरा सबैले बुझ्नुपर्ने हो । हामीले त्यसबाट भएको जनधनको क्षतिबाट पनि धेरै सिक्नुपर्ने हो तर पछिल्ला दिनहरूमा बढ्दो भीडभाड र सरकारले एकपछि अर्को गरी प्रतिबन्धहरू फुकाउँदै गएकाले विगतबाट हामीले पाठ सिक्यौँ जस्तो लाग्दैन । मलाई त अब आउने सम्भावित तेस्रो लहरहरूले हामीलाई अझ बढी क्षति दिनसक्छ भन्ने डर लागिरहेको छ ।" विश्व स्वास्थ्य सङ्गठनका जनस्वास्थ्यविद्हरू कोरोना भाइरसका हरेक लहरहरूको आगमन मानिसले गर्ने व्यवहार र उनीहरूले जनस्वास्थ्यका मापदण्डहरूको पालना गर्ने शैली एवं तदारुकतामा भरपर्ने बताउँछन् । मानिसकै क्रियाकलापकहरूले नै कोभिडका नयाँ नयाँ लहरहरूको निर्धारण गर्ने गर्दछ तर यही विन्दुमा केन्द्रित भएर न नागरिक र न त सरकारहरूले नै सोच्ने गरेका छन् । यसैले यो भाइरसले नयाँ स्वरुपहरूमा आफूलाई विकास गरिरहेको पाइएको उनीहरूको भनाइ छ । भारतमा दोस्रो लहर आउनसक्नेतर्फ सजग रहन र सोही बमोजिमको तयारी गर्न यसअघि विज्ञहरूले गरेको आग्रहलाई बेवास्ता गरेर विभिन्न राज्यमा निर्वाचन गर्ने, कुम्भ मेलाजस्तो आममानिस जम्मा हुने कार्यक्रमलाई अनुमति दिने, होटेल रेष्टुरेन्ट र शपिङ मलहरूमा मापदण्ड नअपनाएको अनुगमन नगर्ने गरेकाले यो दोस्रो लहरका लागि थप बल पुगेको विज्ञहरूको दाबी छ । त्यसैले अब आउनसक्ने सम्भावित तेस्रो लहर रोकन विगतबाट पाठ सिकेर नीतिनियम बनाउन र व्यवहार गर्न उनीहरूको आग्रह छ ।

भारतको यही अवस्थासँग नेपालको परिस्थिति पनि ठ्याक्कै मिल्न जान्छ । नेपालमा कोरोना भाइरसका दुवै लहर त्यतैबाट भित्रिएकाले यो अनुभव भारतसँग मेल खान्छ । यतिखेर नेपालले पनि यसै हप्तादेखि प्रायः सबै क्षेत्र खुला गरेको छ र कतिपय खुल्दै पनि छन् । दोस्रो लहरको असर देखिएको करीब दुई महिनाको निषेधाज्ञापछि यही असार १५ गतेदेखि खुकुलो भएसँगै सरकारले त शान्तिको सास फेर्न खोजेको देखिन्छ, तर तेस्रो लहरको खतराको घन्टी भने नजीकै आइपुगेको विज्ञहरूको अनुमान छ । उनीहरू सम्भवतः अक्टोबर नोभेम्बरमा नेपालमा पनि तेस्रो लहर भित्रिन सक्ने आङ्कलन गर्छन् तर पछिल्लो खुलापनले भने त्योभन्दा पनि अगावै हामीलाई प्रभावित गर्नसक्ने बताउन्छ । कोरोना भाइरसको पछिल्लो स्वरुप या प्रजातिका रुपमा देखिएको 'डेल्टा प्लस' यहाँ पनि देखिएको पुष्टि भएको छ । यो स्वरुपले नेपालमा धेरै प्रभाव पार्नसक्ने विज्ञहरूको आङ्कलन छ । छिमेकी मुलुक भारतलगायत ११ मुलुकमा यो नयाँस्वरुप देखिएको छ । अघिल्लो हप्तासम्म नै कम्तीमा नौवटा नमूनामा देखिएको यो 'डेल्टा प्लस भेरिएन्ट' अहिलेको भन्दा उच्च सङ्क्रामक रहेको स्वास्थ्य मन्त्रालयले बताएको छ । नेपालका जनस्वास्थ्यविद्हरू पनि मानिसहरू जिम्मेवार नभएमा 'डेल्टा प्लस' नामको यो पछिल्लो स्वरुप अहिलेको भन्दा बढी सङ्क्रामक हुनसक्छ भन्छन् । यो स्वरुप वास्तवमा कोभिडको तेस्रो लहरको फैलावटका लागि कारक हुनसक्ने उनीहरूको भनाइ छ । यो 'भेरियन्ट' तेस्रो लहर ल्याउनमा जिम्मेवार हुनसक्ने उनीहरूको आङ्कलन छ । यो भाइरसको फैलावट र असर गर्ने दुवै क्षमता अहिलेसम्मका स्वरुपको भन्दा बढी र घातक देखिएको अनुसन्धानहरूले देखाएका छन् ।

भारत सरकारले डेल्टा प्लसलाई खतरनाक र थप अनुसन्धान हुनुपर्ने चासोको स्वरुपको श्रेणीमा राखेको भारतीय सञ्चारमाध्यम बताउँछन् । त्यसैले यो नयाँ स्वरुप तेस्रो लहरको जिम्मेवार हुनसक्नेतर्फ उनीहरूले अनुसन्धान थालेका छन् तर हामीकहाँ भने यो स्वरुप नै तेस्रो लहरको कारक हुन सक्छ या सक्दैन भन्ने कुरा अहिल्यै भन्न नसकिने स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारी बताउनुहुन्छ । उहाँले तेस्रो लहरका लागि भाइरसमात्रलाई दोषी दिनुभन्दा पनि निषेधाज्ञा खुकुलो भएपछि हामीले गर्ने व्यवहार र जनस्वास्थ्यका मापदण्डहरू अपनाउने शैलीमा पनि भर पर्ने बताउनुहुन्छ ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका पूर्वनिर्देशक डा जिडी ठाकुर स्वास्थ्य सुरक्षा अपनाउन हामीले जति बढी बेवास्ता गर्छौं त्यति नै यसको प्रभाव फैलिने बताउनुहुन्छ । एक त हामीकहाँ अहिलेसम्म खोपको सुनिश्चितता हुन सकेको छैन त्यसैमा पनि यो डेल्टा प्लस भेरियन्ट देखिइसकेकाले यसैले तेस्रो लहरका लागि उत्प्रेरकको काम पनि गर्नसक्ने भएकाले सबै सजग हुनुपर्ने सुझाव उहाँ दिनुहुन्छ ।

नेपालमा पछिल्लो २४ घण्टामा थप दुई हजार ७६० जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार परीक्षणमा पछिल्लो २४ घण्टामा चार हजार १७ जना सङ्क्रमित निको भएका छन् भने बुधबार कोरोनाबाट ३३ जनाको मृत्यु भएको छ । सो मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा सात हजार १३० जनाको पिसिआर र तीन हजार ८५५ जनाको एन्टिजेन विधिबाट गरिएको परीक्षणमा यी सङ्क्रमितको पहिचान भएको हो । यसरी हेर्दा नेपालमा अहिले पनि सङ्क्रमणको दर झण्डै २४ प्रतिशत छ । पछिल्ला केही दिनको तुलनात्मक अध्ययन गर्दा यो भाइरसको सङ्क्रमण २० प्रतिशतबाट तल कुनै दिन पनि झरेको छैन । बरु यो दर दिन प्रतिदिन बढ्दै गएको देखिएको छ । नेपाल सरकारले यही असार १५ गतेदेखि विभिन्न क्षेत्र खुला गरेको छ । सार्वजनिक यातायातका साधनहरू खुलेका छन् । जोरबिजोर गरी सञ्चालनमा ल्याइएको भए पनि यात्रुको ठूलो भीडभाड यी यातायातमा देखिन थालेको छ । होटेल, रेष्टुरेन्टहरू खाना बनाउनका लागिमात्र खोलिएको भने पनि त्यहाँ पनि जमघट हुने सङ्केतहरू देखिँदैछन् । पसलहरू बारअनुसार सञ्चालन गर्न दिइएको छ तर त्यहाँ पनि मानिसहरूको भीड नै लाग्न थालेको छ । जनस्वास्थ्यका मापदण्डहरू अपनाउने काममा नागरिक सजग देखिँदैनन् । त्यसैले यहाँका जनस्वास्थ्यविद्हरू पनि तेस्रो लहरको खतरातर्फ सबैलाई सचेत बनाएका छन् ।

भारतमा जस्तै नेपालमा सङ्क्रमितहरूको सङ्ख्या केही घटेका समाचारहरू आउँदैमा युद्ध नै जितेजस्तो गरेर सरकारले निषेधाज्ञा हटाउने र नागरिकहरू पनि हजारौँको सङ्ख्यामा सडकमा निस्किने गर्नु राम्रो होइन भन्छन्, नेपालका जनस्वास्थ्यविद्हरू । उनीहरू अहिले पनि महामारी केही घटेको मात्र हो, हटेको होइन भन्दै पहिलेको भन्दा अझ बढी स्वास्थ्य सतर्कता अपनाउन र मानिसबीचको भौतिक दूरी कायम गर्न आग्रह गर्दछन् ।

जनस्वास्थ्यविद् डा रवीन्द्र पाण्डे निषेधाज्ञा खुल्दै गर्दा आफ्नो पेशा र व्यवसाय कसरी सुरक्षित बनाउने, आफू र आफ्ना कर्मचारीलाई कसरी सङ्क्रमणबाट बचाउने, कार्यालय वा 'फिल्ड' मा काम गर्ने मनोबल कसरी कायम गर्ने तथा हरेक पेशाका भिन्नताअनुरुप कसरी सुरक्षित रहेर काम गर्ने भन्ने विषयमा जनस्वास्थ्य विशेषज्ञहरूको परामर्श लिँदा प्रभावकारी हुने सुझाव दिनुहुन्छ । पेशाबाट आफू र आफ्नो परिवार सुरक्षित गर्ने उपायले महामारीको प्रकोपबाट बच्न सकिने उहाँको धारणा छ । खोप र जनस्वास्थ्यका मापदण्डहरूको पालना नै यो महामारीबाट बच्ने उपाय हो भन्ने बारेमा लगभग सबै नेपाली जानकार रहेकाले आफू नै सजग र सतर्क हुनसके मात्रै सुरक्षित रहन सकिन्छ भन्ने विषयमा सबैले सोच्नु जरुरी रहेको उहाँको भनाइ छ । भारत तथा अन्य देशहरूमा महामारीको तेस्रो या अन्य लहरहरू आउनसक्ने भनिएको भए पनि त्यसलाई नियन्त्रण गर्न खोप पर्याप्त हुनसक्ने बताइरहेका छन् । हामी कहाँ भने खोपको उपलब्धता नगण्य छ । कैयौँ देशमा कोरोना विरुद्धको खोप लगाउने कामलाई प्राथमिकतामा राखेर अभियान नै सञ्चालन गरिरहेका छन् तर नेपालमा यस्तो अवस्था छैन । जनस्वास्थ्य विज्ञहरू भाइरसको प्रकोपलाई रोक्न तथा सङ्क्रमण भइहाले पनि असर कम गर्न खोपले प्रभावकारी रुपमा काम गर्ने बताउँछन् तर हामीले खोप अभियानलाई सर्वसुलभ बनाउन सकेका छैनौँ । सरकार खोप ल्याउन प्रयत्नशील देखिन्छ तर आवश्यक मात्रामा खोप भित्रिसकेको छैन । त्यसैले पनि अहिलेका लागि महामारीबाट बच्ने सबैभन्दा प्रभावकारी उपाय भनेको जनस्वास्थ्यका मापदण्ड अपनाउनु नै हो ।

# फलामे पुल बगाएपछि काठे साँघु

**पोखरापत्र संवाददाता**
**तनहुँ, १८ असार**

लगातारको वर्षासँगै खोलामा पानीको बहाव बढेपछि बिहीबार तनहुँको शुक्लागण्डकी नगरपालिका वडा नं १ र २ जोड्ने गुबेखोलामाथिको फलामे पुल बगाएपछि स्थानीयवासीले उक्त स्थानमा काठे साँघु निर्माण गरेका छन् ।



पुल अभावसँगै शुक्लागण्डकी नगरपालिका-२ का साथै पोखरा महानगरपालिका-३२ का विभिन्न स्थानबाट शुक्लागण्डकी-१ मा पर्ने सेराबेँसी,पोखरामहानगरपालिकाको मालेपाटनलगायतका स्थानमा आवतजावत गर्न असहज भएपछि स्थानीयवासीको सक्रियतामा काठे साँघु बनाइएको हो । सेराबेँसीलगायतका स्थानका बासिन्दा बजारको किनमेलका साथै खेतीपाती गर्न समेत उक्त पुल भएर आवतजावत गर्नुपर्ने बाध्यता रहेको स्थानीयवासी एवं हंशबाहिनी माध्यमिक विद्यालय तनहुँका शिक्षक ठाकुरप्रसाद खनालले जानकारी दिनुभयो । प्रत्येक वर्ष वर्षात्को समयमा हुने बाढीका कारण समस्या पर्ने गरेको बताउँदै उहाँले समस्याको दीर्घकालीन समाधानका लागि पहल गर्नुपर्ने बताउनुभयो ।

वर्षात्को समयमा यस क्षेत्रमा पर्ने खुदीखोला, तालखोला, गुबेखोला, आपुखोला, फुसेखोलामा बाढीसँगै जमिनसमेत कटान हुने गरेको भूक्षय, जलाधार वातावरण संरक्षण समितिका संस्थापक अध्यक्ष कृष्णप्रसाद अधिकारीले जानकारी दिनुभयो । यस क्षेत्रको जलाधार संरक्षण गर्दै भूक्षय नियन्त्रणका लागि समितिले निरन्तर पहल गरिरहेको बताउँदै उहाँले साविकको लेखनाथ नगरपालिकाका वडा नं १२, १३, १५ का साथै देउराली गाविसको वडा नं १ का जनप्रतिनिधिसहित खुदीखोलाको जलाधार संरक्षण एवं भूक्षय नियन्त्रणका लागि नदीजन्य वस्तु ननिकाल्ने सहमति गरिएको जानकारी दिनुभयो ।

खुदी खोलामा नदीजन्य वस्तु ननिकाल्नका लागि यसअघि नै सहमति भइसकेका अवस्थामा आगामी दिनमा पनि त्यसको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवाला सबै एकताबद्धरूपमा लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

# थोराङ्ला पासबाट ल्याएर खाद्यान्न अभाव टार्दै

**रासस**
**मनाङ, १८ असार**

मनसुनको शुरुआतमा नै हिमाली जिल्ला मनाङ विपद्को चपेटामा परेको छ । हिउँदमा हिमपातले समस्या हुने मनाङमा यसपटक वर्षायाममा पनि सङ्कट झेल्नुपरेको छ। हिउँद् ताका बाक्लो हिमपात हुँदा चिसो बढ्ने र आवतजावत अवरुद्ध हुने जस्ता समस्या भोग्दै आएको थियो ।

पछिल्लो केही दिन वर्षा रोकिँदा थोरै भए पनि राहतको सास फेर्न पाए पनि कुन बेला नदीको बहाव बढेर आउने हो भन्ने त्रासमा मनाङवासी बस्न बाध्य भएका छन् । बाढी पहिराले विपद्मा परेका मनाङवासीलाई खाद्यान्न अभाव पूर्ति गर्नका लागि थोराङ्ला पास गराएर ल्याउने तयारी गरिएको प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले जानकारी दिनुभयो । उहाँका अनुसार केही मात्रामा खाद्यान्न भण्डारमा रहे पनि अभाव हुन नदिन खाद्यान्न ल्याउने प्रबन्ध मिलाइएको हो । सदरमुकामस्थित चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले मनाङवासीले यो वर्ष ठूलो विपद् भोग्नुपर्दा आतिएको बताउनुभयो । "हिमाली जिल्ला मनाङ यो पटक ठूलो प्राकृतिक विपदमा परेको छ, पहिलो पटक यति ठूलो प्राकृतिक विपद भोग्नुपरेको छ," घलेले भन्नुभयो । मनसुनको शुरुआतमै धेरै क्षति भोग्नुपरेको र मनसुन अझै बाँकी रहेकाले थप क्षति भोग्नुपर्छ भन्ने चिन्ता बढेको उहाँ बताउनुहुन्छ । यस जिल्लाले पहिलोपटक प्राकृतिक विपद्बाट सयौँ घर, पक्की तथा काठे पुल, सडक बगाएको छ । बाढीले मर्स्याङ्दी नदी किनारका धेरै घर डुबानमा परेका छन् । धेरै भौतिक संरचना कटानले क्षति पुगेका छन् । सरकारी कार्यालयदेखि स्थानीयवासीलाई यो पटक बाढीपहिराले उठिवास लगाएको छ । पुलपुलेसा समेत बढ्दा गाउँगाउँबीचको आवतजावत विच्छेद भएको छ । "वर्षा रोकिँदा मर्स्याङ्दीको बहाव केही घटेको त छ, तर जोखिम र त्रास कम भएको छैन," घलेले भन्नुभयो, "पानी नपर्दा ढुक्कले निदाउन पाइन्छ, पानी परेपछि रातभर जाग्राम बस्नुको विकल्प नै छैन ।" मनाङ विकट जिल्ला हुनु पनि दुर्भाग्य जस्तो लागिरहेको उहाँ बताउनुहुन्छ । मौसम धेरै खराब बनेको छ, उद्धारका लागि हेलिकप्टर पनि पुग्न सकस रहेको उहाँले बताउनुभयो । जिल्लाका गाउँ गाउँमा राहतका सामग्री पुऱ्याउन मुस्किल भएको उहाँले बताउनुभयो । स्थलमार्ग पहिलाले पूर्णरूपमा बन्द भएपछि हेलिकप्टरबाट ढुवानी गर्नु पर्ने बाध्यता छ, तर मौसम खराबीले हेलिकप्टरमार्फत् सहयोग गर्न समेत सक्ने अवस्था नरहेको घलेले बताउनुभयो । "मौसम खराब र पानी पर्दा मनाङवासीको निद्रा हराएको छ," उहाँले भन्नुभयो । मनाङ डिस्याङ गाउँपालिकाका अध्यक्ष कान्छा घलेले यसपटक हिमाली जिल्ला मनाङले प्राकृतिक विपद्बाट खेप्नु परेको बताउनुभयो । "हिमाली जिल्लामा प्राकृतिक प्रकोपको दुःख हामीले पहिलोपटक भोगेका छौँ, अझै सिङ्गो मनसुन बाँकी छ, ढुक्क भएर बस्ने अवस्था नै छैन, वर्षा भइरहेकाले नदीमा जतिबेला पनि बाढी पहिरो आउन सक्छ," घलेले भन्नुभयो । मर्स्याङ्दीको सतह कम्तिमा चार/पाँच फिट माथि आएको उहाँले बताउनुभयो । "कटान रोक्नका लागि नदीको दायाँबायाँ लगाइएका ग्याबिन पुरिएका छन्, नदीको बहावको सतह नै उकासिएको छ, नदीको भेल बाढीले बगाएर ल्याएको काठ, ढुङ्गा, माटो, बालुवा थुप्रिएर सतह नै माथि आएको छ, यस्तो विपद् पहिलो पटक अनुभव गरेका छौँ," उहाँले भन्नुभयो । मनाङमा धेरै बस्तीहरू मर्स्याङ्दी किनारमा रहेका छन् । मनाङमा असारको शुरुआतमै बाढी पहिराले मर्स्याङ्दी नदी किनारका बस्ती उजाड र बगर बनेको छ । नदी कटानबाट विस्थापित भएका मनाङवासी अझै घर फर्किन सक्ने अवस्था छैन । बाढीको त्रास कायम रहेकाले विस्थापितलाई तत्काल घर फर्काउने अवस्था नरहेको प्रजिअ लामिछानेले बताउनुभयो । सदरमुकाम चामेदेखि तलको बस्ती भन्नै बढी जोखिममा छ । माथिल्लो मनाङको पिसाङ, हुम्डे पनि जोखिमपूर्ण अवस्थाका रहेको लामिछानेले बताउनुभयो । उहाँका अनुसार चामेदेखि धारापानीसम्म साँघुरो खोलाको किनारमा बस्ती बसेको र त्यही क्षेत्रमा बढी पहिरा झरेकोले पनि जोखिम बढेको छ।